बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप)
Children as Zones of Peace National Campaign (CZOP)
नयाँ बानेश्वर, थापागाउँ
०१ ५२४४०६२

## स्वागतका नाममा पञ्चकन्या प्रयोग विरुद्धको विज्ञप्ति

यही मिति २०७९ पौष १७ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन समारोहमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"को स्वागतमा पञ्चकन्यालाई प्रयोग गरिएको तस्वीर विभिन्न सञ्चारमाध्यमबाट सार्वजनिक भएप्रति यस बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियान (सिजप) को गम्भीर ध्यानाकर्षण भएको छ। पन्चकन्याका नाममा म किन कुन काम वा उद्देश्यको लागि उपस्थित छु भन्ने जानकारी समेत नहुने उमेर समूहका बालिकालाई उच्च पदस्थ व्यक्तित्वको स्वागतमा पौष महिनाको कठ्याङ्ग्रिदो चिसोमा उभ्याउनु बाल अधिकारको हनन् हो भने सामन्ती परम्परालाई प्रश्रय दिएको गतिलो उदाहरण पनि हो।

नेपालको संविधानको धारा ५१ को खण्ड (ञ) (५) ले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीतिलाई राज्यको मूल नीतिको रुपमा स्वीकार गरेको छ।नेपाल पक्ष राष्ट्र भएको संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले बालबालिकाको उच्चतम हितलाई ख्याल राख्नु राज्यपक्षको दायित्व हुने व्यवस्थालाई उजागर गरेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ को उपदफा (६) मा बालबालिकाको शारीरिक स्वास्थ्यमा नकारात्मक असर पुग्ने कुनैपनि कार्यबाट संरिक्षत हुन पाउने अधिकार सुनिश्चित गरेको छ भने दफा १६ को उपदफा (१) मा बालबालिकाको सर्वोत्तम हितलाइ प्राथमिकता दिनु पर्ने व्यवस्था उल्लेख भएको छ।यसर्थ सम्माननीय प्रधानमन्त्रीको स्वागतमा पञ्चकन्याको प्रयोग गरिनु बालबालिका सम्बन्धी प्रचलित कानूनी तथा नीतिगत व्यवस्थाविरुद्धको कार्य रहेकोमा कुनै सन्देह छैन।पौष महिनामा १० डिग्री तापक्रममा आधा बाहुला भएको लुगामा साना बालिकालाई कसैको स्वागतमा उभ्याइनु बाल अधिकारको दृष्टिकोणले गलत कार्य हो भने सामन्ती परम्पराको रुपमा रहेको यस्तो व्यवहारलाई सम्माननीय प्रधानमन्त्री उपस्थित हुने कार्यक्रममा दोहोर्याउनु पनि सोचनीय रहेको छ।

विगतमा उच्च पदस्थ व्यक्तित्वकै स्वागतको क्रममा बालबालिकाको मृत्यु समेत भएको दुखद घटनाको स्मरण गराउँदै पञ्चकन्याको प्रयोगको परम्परालाई बेलैमा नसच्याउने हो भने यसले संस्थागत रुप लिने समेत सुनिश्चित छ।पोखरामा सम्माननीय प्रधानमन्त्रीको स्वागतमा पञ्चकन्याको उपस्थिति हुनु राज्यका जिम्मेवार निकायबीच समन्वय तथा बाल संवेदनशीलताको अभाव समेत स्पष्ट देखिन्छ।यसर्थ यो कार्यमा सलंग्न सबैमा कानूनी चेतका लागि हामी सरकारसँग माग गर्दछौ।आगामी दिनमा राज्य तथा गैर राज्यबाट आयोजना हुने तथा सहभागी हुने कुनैपनि कार्यक्रममा बालबालिकाको सर्वोत्तम हित र संवेदनशीलतालाई प्राथमिकतामा राख्न यस अभियान सम्बद्द सबैमा हार्दिक अनुरोध गर्दछ।साथै बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण तथा सम्बर्धनका लागि नेपाल प्रतिवद्द छ भन्ने सन्देश विश्वसामु पुर्याउन समेत हामी सरकारको ध्यानाकर्षण गराउँदछौं।

| | |
|---|---|
| राजेश शर्मा | मीना शर्मा |
| अध्यक्ष | महासचिव |

मिति २०७९ पौष १७ गते